# बजेट बक्तबय २०७७\०७८

मिति:- २०७७-०३-१०

श्री सभाका अध्यक्ष ज्यु तथा सदस्यहरु ।

- नेपालको संबिधान, २०७२ को धारा २३० को उपधारा ( १ ) बमोजिम प्रत्येक आर्थिक बर्ष गाउँकार्यपालिकाले राजस्व र ब्यय ( बजेट ) को अनुमान स्थानिय कानुन बमोजिम गाउसभामा पेश गर्नु पर्ने ब्यबस्था रहेको छ ।

- स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७१ को उपदफा ( १ ) बमोजिम गाउँकार्यपालिकाको उपाध्यक्षले आगामि आर्थिक बर्षको राजश्व र ब्यय ( बजेट ) को अनुमान कार्यपालिकाबाट स्विकृत गराई असार १० गते भित्र गाउ सभामा पेश गर्ने कानुनी ब्यबस्था रहेको छ ।

- अन्तर सरकारी बित्त ब्यबस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा ( ३ ) बमोजिम गाउँ कार्यपालिकाले प्रत्येक आ ब को अनुमानित आय-ब्ययको बिबरण गाउँ सभामा पेश गर्ने ब्यबस्था रहेको र यसैसंग मध्यकालि खर्च संरचना ( MTEF ) को बिबरण पनि पेश गर्नु पर्ने कानुनि ब्यबस्था भए पनि यस गाउपालिकाको मध्यकालिन खर्च संरचना निर्माणको क्रममा रहेको छ ।

- संघिय सरकारका कानुनी आधारहरु , कार्णली प्रदेस सरकारको कानुनी आधारहरु तथा यस गाउपालिकाबाट निर्माण भएका बिषयगत ऐन, नियमावली, कार्यबिधी , निर्देशिका लगाएत अन्य कानुनि माध्यमको सहायताबाट बजेट निर्माण गरिएको छ ।

- यस गाउपालिकाका दिर्घकालिन लक्ष्य, उदेश्य , रणनिति, प्राथामिकता तथा सिधान्तहरु, संघीय सरकारका मार्ग निर्देशनहरु, कर्णालि प्रदेश सरकारका मार्ग निर्देशनहरु, यस गाउपालिकाका बिकास आयोजनाका प्राथामिकताहरु, संघिय सरकार र प्रदेस सरकारका आवाधिक योजनाहरुका लक्ष्य, उदेस्य र प्राथामिकताहरु तथा मापदण्ड, जनताका

आवश्यकता र चहानाहरु, बिस्व महामारिको रुपमा रहेको कोभिड-१९ का असरहरु, बिज्ञका सल्लाह सुझबहरु, दिगो बिकासका लक्षयहरु , लक्षित बर्ग संरक्षित कार्यक्रमहरु लगाएत सार्बजनिक हित कायम गर्ने संयन्त्रका आधारमा बजेट निर्माण गरेएको छु ।

- स्थानिय सरकारले आफ्ना गतिबिधिहरु संबिधानको अनुसुची ८ मा उल्लेखित २२ वटा एकल अधिकार र अनुसुचि ९ मा उल्लेखित १५ वटा साझा अधिकारबाट निर्देशित छन तर संघिय सरकार र प्रदेस सरकारले बनाउनु पर्ने कानुन नबनाइदिदा जनतालाइ सेवा प्रबाहमा समस्या परेको कुरा सर्बबिबिदै छ ।

- नेपालको संबिधानको भाग २० मा मुलुकको शासन प्रणाली संघ, प्रदेस र स्थानियहरु बिच सहकारिता, सह-अस्तित्व र समन्वयका सिदान्तहरुका आधारमा जनअनुमोदित संयन्त्रबाट संचालन भैरहेको छ । बजेट निर्माण गर्दा मैले आय तर्फ संघिय सरकार र कर्णाली प्रेदस सरकारबाट प्राप्त समानिकरण अनुदान, राजस्व बाँडफाँडबाट प्राप्त राजस्व, स-शर्त अनुदान, समपुरक अनुदान, बिशेस अनुदान, यस गाउपालिकाको आन्तरिक आय र असार मसान्तसम्माको मौज्दात रकमको आधारमा आय निर्धारण गरेको छु । ब्यय तर्फ सिम्ता बिनियोजन ऐन, २०७७ ले तोके बमोजिम हुने छ ।

- अब म सिम्ता आर्थिक ऐन, २०७७ र सिम्ता बिनियोजन ऐन, २०७७ सम्मानित गाउ सभामा पेश गर्न अनुमति चहान्छु ।

- आगामि आ ब २०७७\०७८ मा यस गाउपालिका र सो अन्तरगतका निकायहरुबाट गरिने शिफारिसमा लाग्ने सिफारिस दस्तुरमा ५०% सम्मा छुट दिइने छ । छुट दस्तुर आर्थिक ऐन , २०७७ को अनुसुची १ मा उल्लेख गरेको छु ।

- ब्यबसाय कर सम्बन्धी कार्यबिधी, २०७६ लाई मिति २०७७-०४-०१ देखि प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ । यसको कार्यान्वयन संगै आगामि बर्षमा आन्तरिक आयको हिस्सा रु १ करोडको हाराहारीमा पुग्ने अनुमान गरिएको छ ।

- अब म गत आर्थिक बर्ष २०७६\०७७ बर्षको यथार्थ आय र खर्चको बिबरण उल्लेख गर्न चहान्छु ।

कुल बार्षिक अनुमानित आय रु ४५ करोड ७ लाख २७ हजार रहेको र हालसम्माको निकासा रु ३४ करोड ९२ लाख ४ हजार ९६५ .१९ रहेको छ । हालसम्माको खर्च रु २५ करोड २८ लाख ५ हजार ८२० रहेको छ । जुन कुल आयको ५६% र निकासा बजेटको ७३% खर्च रहेको देखिन्छ । चालु आ ब मा ठुला बिकासका आयोजनाहरुको भुक्तानी हुन बाकि रहेको र असार मसान्तसम्मा भुक्तानि हुनेहुदा पुँजिगत खर्च उल्लेखनिय रुपमा बढ्ने सम्भावना देखिन्छ ।

- अब म आगामि आर्थिक बर्ष २०७७\०७८ को आय बिबरण प्रस्तुत गर्न चहान्छु ।

## अनुमानित आय बिबरण

# आ ब २०७७\०७८

| **अनुमानित राजस्वको विवरण** | **राजस्वका शिर्षक** | **अनुमानित राजस्व रकम** |
|---|---|---|
| १) केन्द्र सरकारबाट | | **रकम** |
| | क) समानीकरण अनुदान | १०,२८,००,००० |
| | ख) सर्शत अनुदान | २३,७९,००,००० |
| | ग) विशेष अनुदान | ० |
| | घ) समपुरक अनुदान | ९०,००,००० |
| | ङ) राजस्व बाँडफाड | ८७१८९६४० |
| | **जम्मा अनुदान** | ४३,६८,८९,६४० |
| २) कर्णाली प्रदेश सरकारबाट | | **रु.** |
| | क) वित्तिय समानिकरण | १,०२,००,००० |
| | ख) राजस्व बाँडफाड | ९,७५,००० |
| | | - |
| | **जम्मा** | - |
| कूल अनुदानहरु | - | - |
| | | **रु.** |
| आन्तरीक आय (अनुदान) | | ५०,००,००० |
| चालु आ.व. मौजुदा | | ३०,००,००० |
| **कूल आय** | | ४५,६०,६४,६४० |

# सिम्ता गाउँपालिकाको आर्थिक ऐन २०७७

सिम्ता गाउँपालकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक प्रस्तावनाः सिम्ता गाउपालिकाको अर्थ सम्बन्धी प्रस्तावनालाई कार्यान्वयन गर्नको लागि स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आया संकलनको प्रशासनिक व्यवस्था गर्न बानछनिय भएकोले

नेपालको संवधानको धारा २८८ को उपधारा (२) बमोजिम सिम्ता गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षित नाम र प्रारम्भः यस ऐनको नाम “आर्थिक ऐन, २०७७” रहेको छ । यो ऐन २०७७ साल श्रावण १ गते देखि सिम्ता गाउँपालिकामा लागू हुनेछ ।

२. सम्पति करः यस गाउँपालिका क्षेत्र भित्र अनुसुचि १ बमोजिम एकिकृत सम्पतिकर/घरज गा कर लगाइने र असूल उपर गरेनछ

३. भूमि कर (मालपोत): यस गाउँपालिका क्षेत्र भित्र अनुसुचि १ बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरनेछ।

४. घर वहाल करः गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, यारेज, गोदाम, टहरा, छ पर, ज गा वा पोखर पूरै आिंशक तवरले वहालमा दएकोमा अनसुचि १ बमोजिम घर जगा वहाल कर लगाइने र असूल गरनेछ।

५. व्यवसाय करः गाउँपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पुजीँगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसुचि १ बमोजिम व्यवसाय कर लागइनेछ र असुल उपर गरिनेछ

६. जडिबुटी , कवाडी र जीवजन्तु करः यस गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ती वा संस्थाले ऊन, खोटो, जडिबुटि, वनकस, कवाडी माल र चलत कानूनले निषेध गरिएको जिवजन्तु बाहेक अन्य मतृ वा मारिएका जिवजन्तुका हाड सिङ, पवाखँ ,छाला जस्ता बस्तुको व्यावसायिक कारोवार गरेवापत अनुसुचि १ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. सवारी साधन करः गाउँपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधनमा अनुसुचि १ बमोजिम सवारी साधन कर लगाइने र असलु उपर गरीनेछ । तर, प्रदेश काननु स्वीकृत भई सो काननुमा अन्यथा व्यवस्था भएकोमा सोही बमोजिम हुनेछ।

८. विज्ञापन करः गाउँपालिका क्षेत्र भित्रमा हुने विज्ञापनमा अनुसुचि १ बमोजिम विज्ञापन कर लगाइने छ । तर, प्रदेश काननु स्वीकृत भई सो काननुमा अन्यथा व्यवस्था भएकोमा सोही बमोजिम हुनेछ

९. मनोरजन करः गाउँपालिका क्षेत्र भित्र हुने मनोरन्जन यवसाय सेवामा अनुसुची १ बमोजिम यवसाय कर लगाइने र असलु उपर गरीनेछ। ।तर, देश काननु वीकृत भई सो काननुमा अन्यथा व्यवस्था भएकोमा सोही बमोजिम हुनेछ।

१०. बहाल बटौरी शुल्कः गाउँपालिका क्षेत्र भित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसुची १ मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसुचिमा भएको व्यवस्था अनुसार बहाल बटौरी शुल्क लगाइनेछ र असुल उपर गरिनेछ ।

११. पार्किङ शुल्कः गाउँपालिका क्षेत्र भित्र कुनै सवार साधनलाई पार्किङ सुविधा उपलव्ध गराए वापत अनुसुची बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरीनेछ।

१२. ट्रेकिङ्ग ,कोयोकिड, क्यानोइङ्ग बन्जी जम्पीङ्ग जपफ्लायर र रयाफ्टीङ्ग शुल्कः गाउँपालिका क्षेत्र भित्र ट्रेकिङ्ग ,कोयोकिड, क्यानोइङ्ग बन्जी जम्पीङ्ग जपफ्लायर र रयाफ्टीङ्ग व्यवासाय संचालन गरेवारत अनुसुचि १ बमोजिमको शुल्क लागाइने र असुल उपर गरिनेछ ।

१३. सेवा शुल्क दस्तुरः गाउँपालिका क्षेत्र भित्र निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसुची १ मा उल्लेखित स्थानीय पुर्वाधार र उपलब्ध गराएको सेवामा सेवा ग्राहीबाट सोही अनुसुचीमा व्यवस्था भए अनुसार शुल्क लागाइने र असुल गरिनेछ ।

१४. पर्यटन शुल्कः गाउँपालिका क्षेत्र भित्र प्रबेश गर्ने पर्यटकहरुबाट अनुसुची १ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाइने र असुल गरिनेछ । तर, प्रदेश काननु स्वीकृत भई सो काननुमा अन्यथा व्यवस्था भएकोमा सोही बमोजिम हुनेछ ।

१५. कर छुटः यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ती वा संस्थाहरुलाई कुने पनि किसिमको कर छुट दिईने छैन ।

१६. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा

शुल्क संकलन सम्वन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

## अनुसुची:- १

मालपोत महशुल

| | |
|---|---|
| • छिन्चु जाजरकोट सडक खण्डको दायाँ बायाँ प्रति रोपनी | ५० |
| • सिम्ता गाउँपालिकाको सडक खण्डको दायाँ बायाँ प्रति रोपनी | ४० |
| • सिम्ता गाउँपालिका वडा नं १ देखी वडा नं. ९ सम्मको सबै किसिमको ( अब्बल, दोयम, सिम र चाहार ) व्यक्तिको नामको दर्ता जग्गाको प्रति रोपनी | २० |

**व्यवसाय कर**

| | | |
|---|---|---|
| १ | **मर्मत तथा सम्भार सेवा तर्फ** | |
| • | चारपाङ्गे गाडी मर्मत | २००० |
| • | मोटर साइकिल मर्मत | १००० |
| • | रेडियो, घडी, मोबाइल तथा विभिन्न उपकरण मर्मत | ५०० |
| • | टायर पंचर टाल्ने र टायरमा हावा भर्ने | ५०० |
| • | सवारी टेन्ट, पेन्ट गर्ने पसल | ५०० |
| • | साइकल, कुकर, पंखा, छाता, स्टोभ आदि मर्मत | २०० |
| • | पटके व्यवसाय कर घुमन्ते व्यवसाय कर मेशिन प्रयोग गरेमा | १००० |
| • | अन्य घुमन्ते कर | ५०० |
| २ | **स्वास्थ्य सेवा तर्फ** | |
| • | सर्जिकल सामान बेच्ने पसल | ५००० |
| ३ | **शिक्षा सेवा** | |
| • | निजीस्तरबाट संचालित मोन्टेश्वरी | ५०० |
| • | आधारभुत तह निजि स्तर विद्यालय | १००० |
| • | मा.वि. तहका निजी विद्यालय | २००० |
| • | Typing Computer तथा भाषा प्रशिक्षण केन्द | १००० |
| • | अन्तर्राष्ट्रिय गैर सरकारी संस्था | ३००० |
| ४ | **संचार सेवा तर्फ** | |
| • | साइबर तथा इमेल इन्टरनेट (रेडियो पेजिङ्ग) आदि | १००० |
| • | फोन, फ्याक्स,फोटोकपी | ५०० |
| • | रिचार्जकार्ड डिलर | ५०० |
| • | कुरियर सेवा | ५०० |
| • | एफ.एम. रेडियो ( | ५००० |
| • | नेपाल टेलिकम बाहेकका टेलिफोन संचालक | ३००० |
| • | केवल नेटवर्क प्रतिग्राहक | ३००० |

| | | |
|---|---|---|
| ५ | **छपाई तथा प्रकाशनक** | |
| • | साधारण प्रेश | ३००० |
| ६ | **वित्तीय सेवा तर्फ** | |
| • | नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको बाहेक केन्द्रीय स्तरका बाणिज्य बैंकहरु | १५००० |
| • | वित्तिय कम्पनीको शाखा कार्यालय | ५००० |
| • | सहकारी बैंक र बचत तथा ऋण सहकारी क श्रेणी २ करोड भन्दा बढि कारोबार हुने | २००० |
| • | आर्थिक कारोबार गर्ने सहकारी संस्थाहरु ख श्रेणी २ करोड भन्दा कम कारोबार हुन | १५०० |
| • | अन्य कारोवार गर्ने सहकारी संस्थाहरु ) | ५०० |
| • | बीमा कम्पनीहरु | ५००० |
| • | मनिट्रान्सफर क श्रेणी | २००० |
| • | मनिट्रान्सफर ख श्रेणी | १००० |
| ७ | **होटल लज तथा रेष्टुरेन्ट बार (पर्यटन उद्योग)** | |
| • | सामान्य स्तरको लजिङ्ग, फुडिङ्गको सुविधा भएको होटल | १००० |
| • | राम्रो खालको रेष्टुरेण्टबार | १००० |
| • | सामान्य खालको रेष्टुरेण्टबार | ५०० |
| • | सामान्य खालको होटल | ५०० |
| ८ | **चिया नास्ता तथा चाटपसल** | |
| • | मिष्ठान्न भण्डार सहितको चिया नास्ता पसल | ५०० |
| • | ग्रामिण क्षेत्रको चियानास्ता पसल | २०० |
| • | चाट पसल | २०० |
| ९ | **सुनचाँदी पसल** | |
| • | थोक रुपमा तथा मेशिनद्वारा गहना बनाई बिक्रि गर्ने पसल | ५००० |
| • | साना तथा हाते गहना बनाई बिक्रि गर्ने पसल | २००० |
| • | गहना बनाउने तथा मर्मत गर्ने पसललाई | १००० |
| १० | **मदिरा पसल** | |
| • | थोक बिक्रि पसल | ५००० |
| • | डिलर विक्रि पशल | ३००० |
| • | खुद्रा बिक्रि पसल | १००० |
| ११ | **मासु पसल** | |
| • | एक भन्दा बढि आइटम राखी मासु बेच्ने पसल | ५०० |
| • | राँगा, खसी र बुंगुर मध्ये कुनै एकको मात्र मासु बेच्ने पसल | ५०० |
| • | माछा, कुखुरा हाँस तथा अन्य पंक्षीको मासु बेच्ने पसल | ५०० |
| १२ | **स्टिल काठ फर्निचर कार्पेट बिक्रेता** | |
| • | क श्रेणी | ५००० |
| • | इख श्रेणी | २००० |
| १३ | **बेकरी उद्योग र बेकरी पसल** | |
| • | उद्योगलाई | १००० |
| • | पसललाई | ५०० |
| • | दुवै गर्नेलाई | १००० |
| १४ | **मेटल वर्कशप** | |
| • | क श्रेणी (ग्रिल सटर निर्माण समेत) | २००० |
| • | ख श्रेणी (सामान्य ग्रिल मर्मत) | १००० |
| १५ | **तरकारी र फलफुल पसल** | |
| • | थोक पसल (क) | ५०० |

| | | |
|---|---|---|
| • | थोक पशल (ख) | ३०० |
| • | थोक पशल (ग) | २०० |
| • | खुद्रा पसल | १०० |
| १६ | मिलहरु प्रति हर्षपावर | ५०० |
| १७ | **किराना तथा खाद्य पसल** | |
| • | उच्च स्तरको किराना तथा खाद्य पसल (थोक सहितको किराना तथा खाद्य पसल) | २००० |
| • | मध्यम स्तरको किराना तथा खाद्य पसल (बिक्रि कक्षाको अतिरिक्त गोदाम समेत राखेको) किराना तथा | १००० |
| • | निम्न स्तरको किराना तथा खाद्य पसल | ५०० |
| • | दैनिक उपभोग्य खाद्य पसल | ५०० |
| • | सामान्य घुम्टीपसल | ८०० |
| १८ | **काँचो कपडा, रेडिमेड फेन्सी तथा जुत्ता पसल र टेन्ट हाउस** | |
| • | उच्च स्तरको पसल ( गोदाम समेत राखेका थोक पसल | ३००० |
| • | मध्यम स्तरको पसल (बिक्रि कक्षको अतिरिक्त गोदाम राखेको पसल) | २००० |
| • | सामान्य स्तरको पसल (सामान्य विक्रि कक्षमात्र भएको पसल) | १००० |
| • | निम्न स्तरको पसल सानो बिक्रि कक्षमात्र भएको पसल | ५०० |
| • | उन तथा उनको कपडाको थोक बिक्रेता | १००० |
| • | उन तथा उनको कपडाको फुटकर बिक्रेता | ५०० |
| • | सामान्य घुम्टी पसल | २०० |
| • | शाखा डिलर | २००० |
| १९ | **टेन्ट हाउस** | |
| • | टेन्ट हाउस | २००० |
| २० | **प्लाष्टिक जन्य पसल** | |
| • | थोक पसल | १००० |
| • | खुद्रा पसल | ५०० |
| २१ | कम्प्यूटर, मोबाइल, टि.भी. रेडियो, घडी तथा अन्य विद्युतीय सामान्य बेच्ने पसल/इलेक्ट्रोनिक्स पसल | |
| • | उच्च स्तरको पसल कम्प्यूटर टि.भी. आदि डिलर तथा ठूलो होलसेल पसल | २००० |
| • | मध्यम स्तरको पसल कम्प्यूटर टि.भी. आदि मध्ये कुनै एकको डिलर भएता पनि सानो पसल | १००० |
| • | सामान्य किसिमको पसल | ५०० |
| • | रेडियो घडी मात्र राखेको सामान्य पसल | ५०० |
| २२ | सवारी साधन बिक्रिमा | |
| • | चार पाङ्गे गाडि सोरुम तथा बिक्रिमा | ३००० |
| • | मोटरसाइकल सोरुम तथा बिक्रिमा | २००० |
| २३ | भाँडा पसल | |
| | क श्रेणीमा पर्ने (सजावट तथा उपहारका सामान समेत राखेको) | २००० |
| | ख श्रेणीमा पर्ने | १००० |
| | सामान्य पसल | ५०० |
| २४ | कुखुरा पसल व्यवसाय | |
| • | १००० भन्दा बढि कुखुरा पाल्ने फम | १००० |
| • | ५०० देखि १००० सम्म कुखुरा पाल्ने फम | ५०० |
| • | ५०० भन्दा कम कुखुरा पाल्ने फम | ३०० |
| २५ | स्टेशनरी तथा पुस्तक | |
| • | स्टेशनरी सामान्य पुस्तक तथा पत्रपत्रिकाको थोक सहितको पसल | १००० |
| • | स्टेशनरी सामान्य पुस्तक तथा पत्रपत्रिकाको खुद्रा पसल | ५०० |
| • | स्टेशनरी मात्र वा पुस्तक मात्र बिक्रि गर्ने पसल | ५०० |

| | | |
|---|---|---|
| २६ | निर्माण सामाग्रि (हार्डवेयर, शिक्षा तथा विद्युत सामग्री पसल) | |
| • | उच्च स्तरको पसल | २००० |
| • | मध्यम स्तरको पसल | १५०० |
| • | सामान्य स्तरको पसल | १००० |
| २७ | फोटो स्टुडियो | |
| • | उच्च स्तरको पसल (कलर ल्याब समेत भएको) | २००० |
| • | मध्यम स्तरको पसल | १००० |
| • | सामान्य स्तरको पसल | ५०० |
| २८ | सैलुन तथा व्यूटीपार्लर पसल | |
| • | राम्रो स्तरको पसल ४ सिट भन्दा बढि | ५०० |
| • | सामान्य स्तरको पसल (४ सिट भन्दा कम) | ५०० |
| २९ | टेलर | |
| | क श्रेणीको पसल (४ भन्दा बढि मेशिन राखेको पसल) | १००० |
| | ख श्रेणीको पसल (२ भन्दा कम मेशिन राखेको पसल) | ५०० |
| | ग श्रेणीकोपसल (२ भन्दा कम मेशिन राखेको पसल) | ३०० |
| ३० | एग्रोभेट पसल | |
| | क श्रेणीको (थोक पसल) | १००० |
| | ख श्रेणीको (खुद्रा पसल) | ५०० |
| ३१ | डिलर | |
| | मदिरा, वियर जस्ता मादक पदार्थमा | ५००० |
| | चुरोट, विडि जस्ता धुम्रपानमा | ३००० |
| | पेट्रोल पम्पमा | १०००० |
| | अन्य डिलरमा | ५००० |
| ३२ | विशेष, परामर्श तथा अन्य व्यवसायिक सेवा | |
| | चिकित्सक | २००० |
| | कविराज | १००० |
| | इन्जीनियर | २००० |
| ३३ | निर्माण सेवा | |
| | नेपाल सरकारबाट इजाजत प्राप्त क वर्गको ठेकेदार | १५००० |
| | नेपाल सरकारबाट इजाजत प्राप्त ख वर्गको ठेकेदार | १२००० |
| | नेपाल सरकारबाट इजाजत प्राप्त ग वर्गको ठेकेदार | १०००० |
| | नेपाल सरकारबाट इजाजत प्राप्त घ वर्गको ठेकेदार | ५००० |
| | कानुन व्यवसायी वरिष्ठ अधिवक्ता र अधिवक्ता | २००० |
| | अभिकर्ता | १००० |
| | लेखनदास | ५०० |
| | लेखापरीक्षण क र ख श्रेणी | २००० |
| | लेखापरीक्षण ग श्रेणी | १००० |
| | लेखापरीक्षण घ श्रेणी | १००० |
| | दन्त चिकित्सक | १००० |
| | अनुसन्धान कर्ता तथा परामर्श दाता | २००० |
| | कम्प्यूटर एनालिष्ट तथा प्रोग्राम | १००० |
| | बिमा एजेन्ट | १००० |
| | पशु चिकित्सक | १००० |
| | सामान्य ढुवानी तथा कम्पनी | १००० |

| | | |
|---|---|---|
| | नापी व्यवसाय | ३००० |
| | विज्ञापन एजेन्ट | १००० |
| | वैदेशिक रोजगार एजेन्ट | २००० |
| | एयरलाइन्स र कार्गो सेवा | |
| | हाउजिङ्ग कम्पनी तथा घर जग्गा खरीद बिक्रि रियल स्टेट | २००० |
| | सटिङ्ग सामानहरु | २००० |
| | कवाडी सामान संकलन तथा बिक्रि | ५०० |
| | डाइ क्लिनर्स | |
| | साइन बोर्ड बनाउने पेन्टिङ्ग सेवा | ५०० |
| | फुल र विरुवा बिक्रेता | ५०० |
| | सिसा, प्लाईउड बिक्रेता | ५०० |
| | खेलौना र उपहार गिफ्ट बिक्रेता | ५०० |
| ३४ | चुरा पोते पसल | ५०० |
| | क श्रेणी( व्यूटी पार्लर) महिला | ५०० |
| | ख श्रेणी | ३०० |
| ३५ | चस्मा पसल | |
| | चिकित्सक सेवा सहितको | १००० |
| | चिकित्सक सेवा रहितको | ५०० |
| ३६ | औद्योगिक कारखाना तथा उद्योगहरुमा | |
| | चामल, दाल, पिठो, तेल उत्पादन गर्ने र गल्ला खरीद सहित ठूलो उद्योगबाट | २००० |
| | चामल, दाल, पिठो, तेल उत्पादन गर्ने मिनि प्लान्टमा | १००० |
| | सामान्य पसल | ५०० |
| | डेरी ठूलो पसल | ५०० |
| | काठ, चिरान मिलमा | १५०० |
| | फर्निचर, काठ, चिरान मिलमा | २००० |
| | सिमेन्ट, रोडी, बालुवा प्रयोग गरी ह्याम पाइप, पिलर, रिङ, ब्लक, गमला बनाउनेबाट क श्रेणी | १००० |
| | सिमेन्ट, रोडी, बालुवा प्रयोग गरी ह्याम पाइप, पिलर, रिङ, ब्लक, गमला बनाउनेबाट ख श्रेणी | ८०० |
| | सिमेन्ट, रोडी, बालुवा प्रयोग गरी ह्याम पाइप, पिलर, रिङ, ब्लक, गमला बनाउनेबाट ग श्रेणी | ५०० |
| | प्लाइउडको कच्चा पदार्थ उत्पादन गर्ने उद्योगबाट | ५०० |
| | पाउरोटी सर्वत बनाउने उद्योगबाट | ५०० |
| | बिना चिम्नीका इटा भट्टा उद्योगबाट | ३००० |
| | चिम्नी भएको इटा भट्टा उद्योगबाट | ५००० |
| | मैनबत्ती उद्योगबाट | ३०० |
| | साबुन सोडा उत्पादन उद्योगबाट | ३०० |
| | चाउमीन उत्पादन उद्योगबाट | ३०० |
| | काठको गिलास ठेकी उत्पादन उद्योगबाट | ५०० |
| | सटर ग्रिल उद्योगबाट | २००० |
| | सोलार व्यवसाय | २००० |
| | जडिबुटि बिक्रि तथा प्रशोधन | १००० |
| ३६ | साउन्ड सिस्टम भाडामा तथा बिक्रि | १००० |
| | डिपार्डमेन्टल सुपर मार्केटमा | २००० |
| | खसीबोका बिक्री केन्द्र | १००० |

## जडिवुटी कवाडी र जीव जन्तु कर

| | | |
|---|---|---|
| | जडिवुटी प्रति के . जी. | रु. २ |
| | कवाडी र जीव जन्तु कर | रु. २ |

## सवारी साधन कर

| | | |
|---|---|---|
| | बिधतिय रिक्सा | ३००० |
| | अटो-रिक्सा | २००० |
| | ठेलागाडा तथा टांगा | १०० |
| | | |
| | | |
| | | |
| | | |

## विज्ञापन कर

| | | |
|---|---|---|
| ४० | विज्ञापन कर | |
| | होडिङ्ग बोर्ड प्रति वर्ग फिट मदिरा तथा सुर्ती जन्य बाहेकमा | २० |
| | होडिङ्ग बोर्ड प्रति वर्ग फिट मदिरा तथा सुर्ती जन्य | २० |
| | ब्यानर सडक वारपार भएको (बढीमा १५ दिन) | १०० |
| | ब्यानर पोलमा झुण्डाउने प्रति पिस (बढिमा १५ दिन) | २० |

## मनोरन्जन कर

| | | |
|---|---|---|
| | | |
| | सिनेमाहल, मिडियाहल, साँस्कृति प्रदर्शन हल आदिमा प्रवेश शुल्क | १०००। |
| | जादु, सर्कस, चटक, आदिमा (प्रतिदिन) | २००। |
| | ब्यबसायिक भिडियो कर | १०००। |

## बहाल बिटौरी कर

| | | |
|---|---|---|
| | बहाल वितौरी कर प्रतिरोपनी | रु. |
| | प्रतीरोपनी जमिन | १००। |
| | प्रति टहारा | ५००। |
| | वस पार्क | ५००। |
| | सडक बाहेक बांकि क्षेत्रमा प्रति टहरा | २००। |
| | सडक बाहेक बांकि क्षेत्रमा प्रति रोपनि | २००। |

## पार्किङ्ग शुल्क

| | | |
|---|---|---|
| | सानो पर्किङ्ग शुल्क | १०। |
| | ठुलो गाडी पार्किङ्ग | २०। |

| | |
|---|---|
| ट्रेकिङ, कोयोकिङ, क्यानोईङ, बन्जि जम्पिङ रयाफ्टिङ | २०० |

## सेवा शुल्क दस्तुर

| सि.नं. | विवरण | रकम रु. |
|---|---|---|
| १ | नगरिकता सिफारिस | १०० |
| २ | सामान्य सिफारिस | १०० |
| ३ | सर्जिमिन सिफारिस | १०० |
| ४ | जग्गा खरीद बिक्रि (ग) फाराम | ५०० |
| ५ | घर नक्सा पास (निवेदन) | ५०० |
| ६ | चार किल्ला प्रमाणित | २०० |
| ७ | नाता प्रमाणित | २०० |
| ८ | पञ्जिकरण दस्तुर (३५ दिन नाघेमा) | ५० |
| ९ | विदेश जानका लागि सिफारिस | २०० |
| १० | नागरिकता प्रतिलिपी सिफारिस | २०० |
| ११ | पञ्जिकरण प्रतिलिपि | ५० |
| १२ | नाम थर शंशोधन सिफारिस | २०० |
| १३ | खानेपानी, विद्युत, टेलिफोन जडान तथा नामसारी आवासीय | ४०० |
| १४ | खानेपानी, विद्युत, टेलिफोन जडान तथा नामसारी व्यवसायीक | ३०० |
| १५ | ट्रेस नक्सा निर्माण तथा प्रमाणित पहिलो कित्ता माग भएमा | ३०० |
| १६ | ट्रेस नक्सा प्रमाणित मात्र पहिलो कित्ता माग भएमा | २०० |
| १७ | ट्रेस नक्सा १ कित्ता भन्दा बढी भाग भएमा प्रति कित्ता थप | ५० |
| १८ | कम्प्यूटर (English Type) सिफारिस | २०० |
| १९ | पेन्सन पट्टा सिफारिस (स्वदेशी संस्थामा) | ३०० |
| २० | पेन्सन पट्टा सिफारिस (विदेशी संस्थामा) | ५०० |
| २१ | औद्योगिक प्रायोजनको लागि ठूलो सर्जिमिन दस्तुर | ५०० |
| २२ | औद्योगिक प्रायोजनको लागि सानो सर्जिमिन दस्तुर | ३०० |
| २३ | व्यवसायिक प्रायोजनको लागि ठूलो सरर्जिमिन दस्तुर | ५०० |
| २४ | व्यवसायिक प्रायोजनको लागि सानो | ३०० |
| २७ | मिलापत्र दस्तुर | १०० |
| २८ | जग्गा दर्ता सिफारिस प्रतिरोपनी | ३०० |
| २९ | राजिनामा/बकसपत्र सिफारिस | ३०० |
| ३० | जग्गा सिमा विवादमा अमिन खटाई सिमाकन गर्नु पर्दा निवेदकले प्राप्ती उजुरी तिर्नु पर्ने सेवा शुल्क | १००० |
| ३१ | फिल्ड रेखांकन पहिलो कित्ता | १००० |
| ३२ | फिल्ड रेखांकन थप प्रतिकित्ता | ५०० |
| ३१ | संस्था दर्ता तथा नवीकरण | |
| क) | नयाँ दर्ता | १००० |
| ख) | नवीकरण सिफारिस | ५०० |
| ३२ | आय स्रोत प्रमाणित सिफारिस ५लाख सम्म (आयको) प्रति लाख १० प्रतिशतले वृद्धि गर्ने | ५०० |
| ३३ | **निजी विद्यालय अपग्रेड सिफारिस** | |
| क) | आधारभुत तह सम्मको लागि | १००० |
| ख) | मा.वि. सम्मको लागि | २००० |
| ३४ | उद्योग स्थापना सिफारिस | ५०० |
| क) | उद्योग नामसारी तथा ठाउँसारी सिफारिस | ५०० |

| | | |
|---|---|---|
| ख) | पशु वस्तु (राँगाः भैंसी, गोरु) को निकासी सिफारिस प्रतिगोटा | ५० |
| ग | खसी निकाशी सिफारीस प्रति गोटा | ५० |
| घ | गैर संघ संस्था, क्लब, Computer, Scuter, गाडिको सिफारिस | ३०० |
| ङ | कृषि फर्म दर्ता | ३०० |
| ३५ | घर जग्गा नामसारी दस्तुर | ३०० |
| ३६ | गाउपालिकाबाट गरिने सिफारिश | 300 |
| ३७ | सहकारि संस्था दर्ता शुल्क | २००० |
| ३८ | स्थायि प्रकृतिका समितिहरु दर्ता शुलक | २० ००। |

## नक्सा पास दस्तुर

| क.सं. | घरको बनावट | राजमार्ग तथा मुख्य बजार सडकको दायाँ नयाँ बन्ने घरको प्रति वर्गफिटरु. | आय पिच सडकको दायाँ बायाँ बन्ने घरको प्रति वर्गफिट रु. | अन्य सडक वा ठाउँमा बन्ने घरको प्रति वर्गफिट रु. |
|---|---|---|---|---|
| १ | **आर.सि.सि. ढलान बनावट** | | | |
| क | भुइतला | २।०० | १।५० | १।०० |
| ख | प्रथम तला | ३।०० | २।०० | १।०० |
| ग | दोश्रो तला र सो भन्दा माथि | ४।०० | ३।२५ | २।०० |
| २ | **लोड बियरिङ बनावटको**<br>**ढलान तथा कडीपोल** | | | |
| क | भुइतला | २।०० | १।५० | १।२५ |
| ख | प्रथम तला | ३।०० | १।७५ | १।५० |

| | | | | |
|---|---|---|---|---|
| ग | दोश्रो तला र सो भन्दा माथि | ३।५० | २।०० | १।५० |
| ३ | **इटालाई सि.म.माले मसला जोडाइ गरी बनेको जस्तो छाना भएको** | | | |
| क | भुइतला | १।०० | ०।७५ | ०।५० |
| ख | प्रथम तला | २।०० | १।०० | ०।७५ |
| ग | दोश्रो तला र सो भन्दा माथि | २।०० | १।५० | १।०० |

घर नक्सा निवेदन फाराम ५००।००
नक्सा पास गर्दा रेखांकन शुल्क (ले आउट)
(क) ६५ वर्ग मी. सम्म ७००।००
(ख) ६६ वर्ग मी . देखि ९० वर्ग मी. सम्म
(ग) ९१ वर्ग मी. देखि ११५ वर्ग मी. सम्म
(घ) ११६ वर्ग मी. देखि माथि

पर्यटन शुल्क

| | पर्यटन शुल्क | |
|---|---|---|
| १ | कोटको थुम्को | २०। |
| २ | भोटेचुली | २०। |
| ३ | शिवालय पार्क | २०। |
| ४ | मलिकाधुरी | २०। |
| ५ | विउरे चुली | २०। |
| ६ | राजकाडा दरवार | २०। |

# सिम्ता गाउँपालिकाको विनियोजन ऐन २०७

सिम्ता गाउँपालिकाको आर्थिक बर्ष २०७७/२०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७७

प्रस्तावना: सिम्ता गाउँपालिकाको आर्थिक बर्ष २०७७।०७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम सिम्ता गाउँ सभाले यो ऐन बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> [ञ](१) यस ऐनको नाम "सिम्ता गाउँपालिकाको विनियोजन ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>आर्थिक वर्ष २०७७\०७८ को सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः</u>

आर्थिक वर्ष २०७७।०७८ को गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ४५६०६४६४०।०० (अक्षेरुपी पैतालीस करोड साठी लाख चौसठी हजार छ सय चालीस मात्र ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. <u>विनियोजनः</u> (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७।०७८ को निमित्त सिम्ता गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा **स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७९ बमोजिम** एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको **२५** प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

111

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको **२५** प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

## अनुसूचि-१

(दफा २ संग सम्बन्धित)नेपालको संविधानको
धारा २२९ (२) बमोजिम
संञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | १ | २ | ३ | ४ | ५ | ६ |
| २ | | गाउँ कार्यपालिका | ८,७१,८९,६४० | | | |
| ३ | | वडा समिति | ३५,००,००० | ० | ० | ० |
| ४ | | बिषयगत शाखा | ३६,५३,७५,००० | ० | ० | ० |
| ५ | | ऋणको सावा व्याज भुक्तानी | ० | ० | ० | ० |
| ६ | | लगानी ( शेयर/ऋण) | ० | ० | ० | ० |

# अनुसुची २

( क) :- अनुमानित चालु खर्च तर्फः-        रु २३,४५,६४,६४०।-( ५१% )

( ख) :-  अनुमानित पुँजिगत तर्फ :- रु २२,१५,००,०००।- ( ४९ % )

( ग ) :- आ ब २०७७\०७८ का बिकास कार्यक्रमहरु

- चक्रपथ                रु ५० लाख
- द्रुतमार्ग                रु ५० लाख
- गाउपालिका प्रासासकीय भवन रु २ करोड ५० लाख
- समपुरक कोष     रु १ करोड
- सिम्ता उज्यालो कार्यक्रम रु ३० लाख
- वडा कार्यालय भवन रु  रु १ करोड
- आर एम जि र सुकुम्बासी रु ३० लाख
- आर्थिक बिकास कार्यक्रम रु १ करोड
- पुर्बधार बिकास कार्यक्रम रु ५० लाख
- संस्थागत बिकास कार्यक्रम रु ३० लाख
- बिपद ब्यबस्थापन ( कोभिड-१९ ) रु २ करोड
- सामाजिक बिकास रु १ करोड ५० लाख
- वडागत अनुदान रु ३ करोड ६० लाख

- अनुमानित  कुल ब्यय तर्फ रु ४७ करोड ५ लाख ८९ हजार ६४० बजेट बिनियोजन गरिएको छ । अपुग स्रोत रु १ करोड ४५ लाख २५ हजार बजेट आन्तरिक आय , अन्य अनुदान र अन्य स्रोतबाट पुर्ति गरिने छ ।

- अन्तमा आगामि आ ब २०७७\०७८ को बजेटको प्रभावकारी कार्यान्वयनबाट  सिम्ताको दिगो बिकास , सुशासन र समृदिको आधार निर्माणमा सहयोग पुग्ने छ भन्ने बिस्वास लिएको छु । यस गाउपालिका क्षेत्र भित्र रहेका सबै बर्ग, क्षेत्र र समुदायको सर्बाङणिक

बिकासमा महत्वपुर्ण भुमिका खेल्ने छ भने कोभिड-१९ को नियन्त्रण, रोकथाम र उपचारको माध्यमबाट जनजिवन सामान्य अबस्थामा फर्कने बिस्वास पनि लिएको छु ।

- आर्थिक बर्ष २०७७\०७८ को बार्षिक बजेट निर्माणमा प्रत्यक्ष-अप्रत्यक्ष रुपमा सहयोग गर्ने बिभिन्ना बिषयगत समितिहरु, गाउँकार्यपालिका अध्यक्ष, वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, सभाका सदस्यहरु, न्यायिक समितिका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत, लेखा अधिकृत, अन्य कर्मचारि मित्रहरु, बिज्ञ समुह, नागरिक समाज,गैर सरकारी निकायहरु लगाएत आम जनसमुदायप्रति हार्दिक आभार ब्यक्त गर्न चहान्छु ।

धन्यबाद नमस्कार ।

..........................

चन्द्रकला शाही

उपाध्यक्ष सिम्ता

मिति:- २०७७-०३-१०